बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

हेटौंडा, नेपाल ।

बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय हेटौंडा, नेपाल

प. स. २०८१/०८२

मिति :-२०८१/०८/०५

च.न. : २२५

श्री पशु सेवा कार्यालयहरु,
चितवन, धादिङ, नुवाकोट, ललितपुर, काभ्रे, दोलखा, सिन्धुली र मकवानपुर ।

विषयः- सूचना पठाईएको सम्वन्धमा।

उपरोक्त सम्बन्धमा यस निर्देशनालयको चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसारका विभिन्न कार्यक्रमहरु कार्यन्वयनका लागि मिति २०८१/०८/०५ गतेको गोरखा पत्र राष्ट्रिय दैनिकमा प्रकाशन गरिएको सूचना पठाईएको छ। उक्त सूचनालाई तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरिदिनु हुन साथै आफ्नो कार्यक्षेत्र भित्रका स्थानीय तहहरुमा परिपत्र गरी सो को जानकारी यस निर्देशनालयमा पठाउनुहुन अनुरोध छ ।

पुनश्चः सूचनाको आशय अनुसार प्रस्ताव पेश गर्न आएका फार्म संचालक कृषक, कृषक समूह, सहकारी संस्था लगायतले पेश गरेको कागजातलाई अध्ययन गरेर कार्यविधि अनुरुप भएको खण्डमा मात्र तहाँ कार्यालयमा दर्ता गरिदिनु हुन अनुरोध छ ।

२०८१/८/५

डा. गौरीमान श्रेष्ठ
निर्देशक

डा. गौरीमान श्रेष्ठ
निर्देशक
अधिकृतस्तर एघारौं

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

हेटौडा, नेपाल

## प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८१/०८/०५

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडाको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका कार्यक्रम कार्यान्वयनको लागि सहभागी हुन इच्छुक एवं मापदण्ड पुगेका आवेदक संस्थाबाट प्रस्ताव माग गर्न यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित मितिले दरखास्त दिने अन्तिम मिति सम्म कार्यालय समयमा आईपुग्ने गरी तपसिलमा उल्लेखित कागजात सहित सम्बन्धित पशु सेवा कार्यालय वा यस निर्देशनालयमा प्रस्ताव दर्ता गर्नु हुन सूचित गरिन्छ। साथै रित नपुगी दर्ता भएका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश गरिने छैन।

| क.स | कार्यक्रमको नाम | कार्यक्रमको कुल बजेट | इकाई | परिमाण | बजेट प्रति इकाई | कार्यविधि | दरखास्त दिने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १. | पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको मूल्यश्रंखला विकास कार्यक्रम | २ (दुई) करोड | संख्या | ८ | बढीमा २५ लाख | कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको मूल्यश्रृंखला विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | मिति २०८१।०८।२५ |
| २ | साझेदारीमा पशुपन्छी श्रोतकेन्द्र स्थापना (गाई २, भैसी २, बाखा २ र बंगुर २) | २ (दुई) करोड | संख्या | ८ | बढीमा २५ लाख | पशु श्रोतकेन्द्र स्थापना सम्बन्धि कार्यविधि, २०८१ | मिति २०८१।०९।०४ |
| ३ | रेन्बो ट्राउट पूर्वाधार विकास कार्यक्रम | ७५ (पचहत्तर) लाख | संख्या | ५ | बढीमा १५ लाख | प्रविधि पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | मिति २०८१।०९।०४ |
| ४ | आधुनिक कोल्ड रुम/बधस्थल निर्माण | ४५ (पैतालिस) लाख | संख्या | ३ | बढीमा १५ लाख | | |
| ५ | बाखाको बड्क्यौलाबाट मल बनाउने प्रविधि तथा पूर्वाधारमा सहयोग कार्यक्रम | ८० (असी) लाख | संख्या | ४ | बढीमा २० लाख | | |
| ६ | खसी बोका संकलन केन्द्र स्थापना | ३० (तिस) लाख | संख्या | २ | बढीमा १५ लाख | | |
| ७ | फ्लोटिङ्ग फिस फिड उद्योगलाई विद्युत खपत महशुलमा ५० प्रतिशत सहुलियत | ५ (पाँच) लाख | स्वीकृत बजेटको परिधि भित्र रही रितपूर्वक दर्ता भएका आवेदकहरुलाई उपलब्ध गराईने | | | पशुपन्छी तथा मत्स्य व्यवसायीहरुका लागि विद्युत खपत महशुलमा सहुलियत कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | मिति २०८१।०९।०४ |
| ८ | मत्स्यपालक कृषक व्यवसायीहरुलाई विद्युत खपत महशुलमा ५० प्रतिशत सहुलियत | १० (दश) लाख | | | | | |
| ९ | सहकारीबाट संचालित दुग्ध चिस्यान केन्द्रहरुलाई विद्युत खपत महशुलमा ५० प्रतिशत सहुलियत | ३५ (पैतिस) लाख | | | | | |

आवेदनकासाथ संलग्न गर्नुपर्ने कागजातहरु
१. रु. १०।- को हुलाक टिकट टाँसेको अनुसूचि २ अनुसारको आवेदन
२. सम्बन्धित निकायमा संस्था दर्ता प्रमाण पत्र, पान नं. दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्र
३. कृषकको हकमा नेपाली नागरिकताको प्रतिलिपी र सहकारी संस्थाको हकमा अध्यक्षको नागरिकताको प्रतिलिपी
४. समूह/सहकारीको हकमा संस्थाको बैठकको निर्णयको प्रतिलिपी ।

पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रमका लागि आवश्यक पर्ने अन्य कागजातहरु
१. अनुसूचि-३ बमोजिमको प्रस्ताव, अनुसूचि ४ बमोजिमको प्रतिबद्धता पत्र
२. सम्बन्धित स्थानीय तह वा वडा कार्यालयबाट सिफारिस पत्र
३. प्रदेश निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित सांसदको सिफारिस
४.संकलन/प्रशोधन/भण्डारण/बजारीकरणमा मात्र संलग्न हुने आवेदकको हकमा उत्पादकसंग गरेको खरिद बिक्री सम्झौता
५. आवश्यक अन्य कागजातहरु

साझेदारीमा पशुपन्छी श्रोतकेन्द्र स्थापना कार्यक्रम
१. गत आ.ब. को लेखा परिक्षण प्रतिवेदन
२. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा १० बर्षको करार सम्झौता पत्र र सो सम्झौता पत्र नोटरी पब्लिकद्धारा प्रमाणित गरेको हुनुपर्ने
३. ५० प्रतिशत साझेदारी लगानी गर्नका लागि रकम खुल्ने बैंक इष्टिमेट वा बैंकले लगानी गर्ने प्रतिबद्धता पत्र
४. सम्बन्धित पशु सेवा कार्यालयको सिफारिस
५. अनुसूचि ६ अनुसारको वातावरण तथा सामाजिक सुरक्षा सम्बन्धि विवरण
६. अनुसूचि ४ अनुसारको स्वघोषणा पत्र
७. अनुसूचि ५ बमोजिमको कार्यस्थान खुल्ने नक्सा
८. प्रदेश निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित सांसदको सिफारिस पत्र

रेन्बो ट्राउट पूर्वाधार विकास कार्यक्रम/आधुनिक कोल्ड रुम/बधस्थल निर्माण/बाखाको बड्क्यौलाबाट मल बनाउने प्रविधि तथा पूर्वाधारमा सहयोग कार्यक्रम/खसीबोका संकलन केन्द्र स्थापना कार्यक्रमका लागि आवश्यक पर्ने अन्य कागजातहरु
१. अनुसूचि ३ अनुसारको प्रस्ताव, अनुसूची ४ बमोजिमको प्रतिवद्धता पत्र
२. सम्बन्धित स्थानीय तह वा वडा कार्यालयबाट सिफारिस पत्र
३. संरचना निर्माणको हकमा डिजाईन र लागत अनुमान
४. निर्माण स्थलको कागजात

विद्युत महशुलमा अनुदान कार्यक्रमका लागि आवश्यक पर्ने अन्य कागजातहरु
१. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए करार संझौता पत्र वा नवीकरण भएको प्रमाण र चिस्यान केन्द्र/मत्स्यजन्य व्यवसाय/उद्योगको प्रष्ट देखिने. फोटो
२. गत आ.ब. २०८०/०८१ को लेखा परिक्षणको प्रमाणित प्रतिलिपी
३. सम्बन्धित स्थानीय तहबाट उदेश्य अनुसार विद्युत प्रयोग भईरहेको व्यहोरा उल्लेख भएको ग्राहक नम्बर समेत खुल्ने गरी सिफारिस पत्र
४. दुध चिस्यान/माछापालन/उद्योगमा खपत हुने बिजुलीका लागि आवेदकको नाममा विद्युत मिटर जडान गरिएको प्रमाण वा आवेदकले प्रयोग गरेको भनी विद्युत प्राधिकरणबाट सिफारिस पत्र
५. आ.ब. २०८०/०८१ विद्युत महशुल तिरेको रसिदको प्रतिलिपी

पुनश्चः पशुपन्छी तथा मत्स्य व्यवसायहरुका लागि विद्युत खपत महशुलमा सहुलियत कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१, कृषि/पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१, प्रविधि र पूवाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ र पशु श्रोतकेन्द्र स्थापना सम्बन्धि कार्यविधि, २०८१ लगायत उल्लेखित अनुसूचिहरु पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौंडाको वेबसाइट dolfd.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ । साथै यस निर्देशनालयको सम्पर्क नम्बर ०५७-५२४३१९/०५७-५२४२५४ मा सम्पर्क गरी वा सम्बन्धित जिल्लाका पशु सेवा कार्यालयमा सम्पर्क गरी कार्यक्रमको बारेमा विस्तृत जानकारी लिन सकिनेछ ।

डा. गौरीमान श्रेष्ठ
निर्देशक
अधिकृतस्तर एघारौं